मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक


# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ औं वर्षमा

Purwanchal National Daily

मास्क– कपडाकै ठीक !-२



◆ वर्ष : २६ ◆ अङ्क : ३२२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ कात्तिक ११ गते बिहीवार (Thursday, October 28. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/– भारतमा भारु. : ४/–



मोरङको मिक्लाजुङ गाउँपालिकाका महिला डालेघाँस लिएर घर फर्कंदै। घरधन्दामा सीमित रहने यस ठाउँका अधिकांश महिला विशेषगरी विहान–बेलुका घाँस दाउरा गर्ने गर्छन्। **तस्वीरः सुरेन्द्र भण्डारी/पूर्वाञ्चल**

# तीन महिनामा पाँच खर्बको बैदेशिक व्यापार

**झापा, कात्तिक १०।** चालू आर्थिक वर्षको पहिलो तीन महिनामा मुलुकको वैदेशिक व्यापार ६८ दशमलव १३ प्रतिशतले बृद्धि भएको छ। गत आवको पहिलो त्रैमासिकमा रु. तीन खर्ब २३ अर्ब ३१ करोड ५९ लाख ५३ हजार रहेकोमा चालू आवको सो अबधिमा रु. पाँच खर्ब ४३ अर्ब ५७ करोड ६० लाख ५४ हजार पुगेको छ।

भन्सार विभागद्वारा मंगलबार जारी चालू आवको पहिलो त्रैमासिकको तथ्याङ्क अनुसार गत आवको पहिलो त्रैमासिकका तुलनामा चालू आवको सोही अवधिमा आयात ६३ दशमलव ७३ प्रतिशतले बृद्धि भइ रु. चार खर्ब ७८ अर्ब ५२ करोड ३२ लाख २० हजार पुगेको छ। गत आवको पहिलो तीन महिनामा रु. दुई खर्ब ९२ अर्ब २६ करोड ९८ लाख ६० हजारको आयात भएको थियो। तथ्याङ्क अनुसार चालू आवको तीन महिनाको वैदेशिक व्यापारमा आयात–निर्यातको अनुपात ८८।०३ र ११।९७ छ।

सार्वजनिक विवरणानुसार गत आव पहिलो त्रैमासिकका तुलनामा चालू आवको पहिलो तीन महिनाको निर्यात १०९ दशमलव ५४ प्रतिशतले बढेको छ। गत आवको पहिलो त्रैमासिकमा रु. ३१ अर्ब चार करोड ६० लाख ९३ हजारको निर्यात भएकोमा चालू आवमा रु. ६५ अर्ब पाँच करोड २८ लाख ३४ हजारको निर्यात भएको छ।

चालू आवको पहिलो त्रैमासिकमा मुलुकको व्यापार घाटा ५८ दशमलव २८ प्रतिशतले बढेर रु. चार खर्ब १३ अर्ब ४७ करोड तीन लाख ८६ हजार पुगेको छ। गत आवको पहिलो तीन महिनामा व्यापार घाटा रु. दुई खर्ब ६१ अर्ब २२ करोड ३७ लाख ६७ हजार थियो। चालू आवको पहिलो तीन महिनाको कूल वैदेशिक व्यापारमध्ये निर्यातका तुलनामा आयात सात दशमलव ३६ गुणाले बढी देखिन्छ।

**डिजेल धेरै आयात**

विभागको तथ्याङ्कानुसार तीन महिनामा रु. २३ अर्ब ३२ करोड ४४ लाख ७१ हजार बराबरको डिजेल आयात भएको छ जुन आयातमध्येकै बढी हो। त्यस्तै आयातमा भटमासको कच्चा तेल दोस्रोमा छ। व्यवसायीले विभिन्न मुलुकबाट भटमासको कच्चा तेल आयात गरी प्रशोधन गरेर पुनः निर्यात गर्दै आएका छन्। चालू आवको पहिलो तीन महिनामा करिब १३ करोड लिटर भटमासको तेल रु. २० अर्ब ६० करोड ६० लाख ५१ हजार मूल्य बराबरको निर्यात भएको विभागले जनाएको छ।

त्यस्तै चालू आवको पहिलो तीन महिनामा मोबाइल टेलिफोन रु. १७ अर्ब १७ करोड ७१ लाख ८० हजार, पाम आयल रु. १३ अर्ब चार करोड ५३ लाख ८६ हजार र पेट्रोल रु. १२ अर्ब ८६ करोड ५६ लाख ५७ हजारको आयात भएको छ।

**भटमासको तेल बढी निर्यात**

नेपालबाट निर्यात भएका वस्तुमध्ये भटमासको तेल सबैभन्दा धेरै देखिएको छ। विभागको तथ्याङ्क अनुसार

(बाँकी अन्तिम पृष्ठमा)

## मुख्यमन्त्री शाक्यद्वारा राजीनामा

**झापा, कात्तिक १०।** वाग्मती प्रदेशका मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यले पदबाट राजीनामा दिएकी छन्।

उनले नेपालको संविधानको धारा १६९ को उपधारा १ (क) बमोजिम राजीनामा दिएकी हुन्। उनले प्रदेश प्रमुख यादवचन्द्र शर्मासमक्ष बुधवार राजीनामा पेश गरेको प्रदेश प्रमुख सचिवालयले जनाएको छ।

यसअघि मुख्यमन्त्री शाक्यले प्रदेशसभाको बैठकमा राजीनामा दिने घोषणा गरेकी थिइन्।

## चीनबाट १० लाख मात्रा खोप आइपुग्यो

**झापा, कात्तिक १०।** कोभ्याक्स सुविधा अन्तर्गत चीनबाट कोरोना भाइरसविरुद्धको भेरोसेल खोपको थप मात्रा नेपाल आइपुगेको छ।

स्वास्थ्य सेवा विभागका महानिर्देशक डा दीपेन्द्ररमण सिंहले १० लाख २० हजार मात्रा भेरोसेल खोप आइपुगेको जानकारी दिए। उनका अनुसार सो खोपलाई टेकुस्थित भण्डारण केन्द्रमा राखिएको छ। यही कात्तिक ८ गते अमेरिकाले कोभ्याक्समार्फत एक लाख ६ सय २० मात्रा फाइजर खोप नेपाललाई उपलब्ध गराएको थियो।

## मगरको हत्यारा पत्ता लगाउन माग

**बिर्तामोड, कात्तिक १०।** बिर्तामोडमा हत्याका घटना बढ्दा समेत प्रहरीले अपराधमा संलग्नलाई कानूनी दायरामा ल्याउन सकेको छैन्।

हत्या तथा चोरीको घटना दिनहुँ जस्तो हुन थालेको भन्दै स्थानीयले सुरक्षाको माग गरेका छन्। पछिल्लो समय बिर्तामोडमा अपराधका घटनाहरु बढीरहेको प्रहरीको निष्कर्ष छ। बिर्तामोड लगायत शहरका मुख्य क्षेत्रमा अवराध रोक्न सीसी क्यामेरा जडान गरिए पनि अपराधका घटनामा कमी नआउँदा प्रहरीको कार्य क्षमतामै प्रश्न खडा भएको छ।

यसैबीच नेपाल मगर संघले गत असोज २४ गते हत्या गरिएका बिर्तामोड-५ महानन्द चोकका मासु ब्यवसायी इन्द्रबहादुर मगरको हत्यारा पत्ता लगाउन माग गरेको छ। संघले बुधवार बिर्तामोडमा पत्रकार भेटघाट गर्दै चाँडो भन्दा चाँडो हत्यारा पत्ता लगाएर कानूनी कठघरामा उभ्याउन प्रहरी प्रशासनसँग माग गरेको हो।

कार्यक्रममा संघका जिल्ला अध्यक्ष जगत राना मगरले घटना भएको १९ दिन बितिसक्दा पनि अपराधी पत्ता लगाउन नसक्नु दुःख लाग्दो भएको बताए। मगरले भने- 'प्रहरी अनुसन्धानकै क्रममा छ, चित्त बुभ्दो परिणाम नआए संघले थप दबाबमूलक कार्यक्रम गर्दै जाने छ।'

इन्द्रबहादुरका भाइ तीलबहादुर मगरले हत्या भएको दिन दाजुसँग ६ लाखभन्दा बढी रुपैयाँ साथमा रहेको बताएका छन्। उनका अनुसार हत्यापछि उक्त रकम दाजुको साथमा थिएन। उनले घटना सुनियोजित तरिकाले भएको देखिए पनि आजसम्म हत्यारा पत्ता नलाग्नुले परिवारलाई थप पीडा भएको बताए। दाजुको हत्यापछि परिवारको बिचल्ली भएको उनको भनाइ छ। परिवारमा दाजु नै एक मात्र आम्दानीको स्रोत भएको बताउँदै साना छोराछोरीको भविष्य अन्यौलमा रहेको बताए।

कार्यक्रममा मगर राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रिय उपाध्यक्ष ज्योतिसिंह दर्लामी, संघका बिर्तामोड उपाध्यक्ष गजेन्द्र पुलामी मगर, अर्जुनधारा-११का संघका अध्यक्ष राम बलम्पाकी मगर, विकास थापा मगर, चन्द्र आले मगर, इन्द्रबहादुरकी श्रीमती माया राईलगायतको उपस्थिति रहेको थियो। कार्यक्रमको सञ्चालन संघका प्रदेश नं. १ सचिव शिवन सोराली मगरले गरेका थिए।

## सिंहदरबारमा एक राउण्ड गोली फायर

**काठमाडौं, कात्तिक १०।** चेकजाँचको क्रममा बुधवार मध्यान्हमा सिंहदरबारभित्र एक राउण्ड गोली फायर भएको छ।

राष्ट्रियसभाका उपाध्यक्ष शशीकला दाहालको निजी सुरक्षा गार्ड प्रहरी सहायक निरीक्षक अनुपमा भारतीको साथमा रहेको पेस्तोलबाट एक राउण्ड गोली फायर भएको हो। संसद् सचिवालयको भवन नम्बर २ मा उक्त घटना भएको र त्यसबाट मानवीय क्षति नभएको जनाइएको छ।

ड्युटी सकेर पेस्तोल चेकजाँच गर्ने क्रममा उक्त गोली फायर भएको प्रहरीले जनाएको छ। घटनाको अनुसन्धान जारी रहेको महानगरीय प्रहरी कार्यालय रानीपोखरीका प्रवक्ता प्रहरी उपरीक्षक सुशीलसिंह राठौरले जानकारी दिए।

## कँडेल दम्पत्तीद्वारा अक्षयकोषलाई रकम सहयोग



**सुरुङ्गा, कात्तिक १०।** नेपाली कांग्रेस झापा क्षेत्र नं. ४का सचिव एवम् सामाजिक ब्यक्तित्व शिव कँडेलले आफ्नो जन्मदिनमा नेपाल प्रेस युनियन झापाको अक्षयकोष स्थापनाको शुभारम्भ गरेका छन्।

आफ्नो जन्मदिनको अवसर पारेर कँडेलले नेपाल प्रेस युनियन झापाले स्थापना गरेको 'प्रेस युनियन झापा पत्रकार प्रोत्साहन अक्षयकोष' मा ११ हजार १ सय ११ रुपैयाँ प्रदान गर्दै कोष स्थापनाको शुभारम्भ गरेका हुन्।

कनकाइ नगरपालिकास्थित बृक्ष क्याफेमा आयोजित अनौपचारिक कार्यक्रमका बीच शिव कँडेल र उनकी धर्मपत्नी पुष्पा कँडेलले प्रेस युनियन झापा अध्यक्ष इन्दु पूर्वेली, पूर्व केन्द्रीय सदस्य कृष्ण हुमागाँई, केन्द्रीय पार्षद यज्ञ पाठकलाई सो रकम बराबरको चेक हस्तान्तरण गरेका थिए।

रकम ग्रहण गर्दै नेपाल प्रेस युनियन झापा शाखा अध्यक्ष इन्दु पूर्वेलीले अक्षयकोष स्थापनाको लक्ष्य, उद्देश्य र सञ्चालन विधिबारे प्रकाश पारेकी थिइन्। साथै अध्यक्ष पूर्वेलीले शिव-पुष्पा कँडेल दम्पतीले गरेको सहयोगप्रति धन्यवादसहित हार्दिक आभार ब्यक्त गर्दै लक्ष्य प्राप्तिका लागि साथ दिन सबैलाई आग्रह गरिन्।

सो अवसरमा नेपाल प्रेस युनियनका पूर्व केन्द्रीय सदस्य कृष्ण हुमागाँईले प्रेस युनियन आइएफजे मान्यताप्राप्त संस्था भएको जानकारी गराउँदै लोकतान्त्रिक पद्धति, विधिको शासन, अभिब्यक्ति

(बाँकी अन्तिम पृष्ठमा)

## शान्ति सामुदायिक वनको २३औं सभा



**अर्जुनधारा, कात्तिक १०।** झापाको अर्जुनधारा-२स्थित शान्ति सामुदायिक वन उपभोक्ता समूहको २३औं वार्षिक साधारणसभा बुधबार सम्पन्न भएको छ।

समूहका अध्यक्ष तुलसीप्रसाद खतिवडाको अध्यक्षता र अर्जुनधारा नगरपालिकाका प्रमुख हरिकुमार रानाको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा स्वागत समूहकी उपाध्यक्ष मनकुमारी सञ्जेलले गरेकी थिइन्।

कार्यक्रममा संस्थाको वार्षिक प्रगति प्रतिवेदन अध्यक्ष खतिवडाले, गत आर्थिक वर्ष ०७७/०७८ आन्तरिक लेखा प्रतिवेदन लेखा समितिका संयोजक रुपनारायण समालले र चालु आर्थिक वर्ष ०७८/०७९को वार्षिक कार्यक्रम प्रतिवेदन कोषाध्यक्ष खगेन्द्रप्रसाद कोइरालाले प्रस्तुत गरेका थिए।

प्रस्तुत प्रतिवेदनमा वनको संरक्षणसँगै उपभोक्ताहरुलाई बिरुवा वितरण गर्ने, २५० परिवारलाई निःशुल्क सिलिन्डर ग्यास वितरण गर्ने, वडा कार्यालयमा ज्येष्ठ नागरिक चौतारी निर्माण गर्ने, घाटगद्दीमा बाँकी रहेको पर्खाल निर्माण गर्ने, सिपमूलक तालिम सञ्चालन गर्ने, महिला सशक्तिकरण कार्यक्रम सञ्चालन गर्नेलगायत रहेको छ।

त्यसैगरी गत आर्थिक वर्षमा ५६ लाख दुई सय ४१ रुपैयाँ २५ पैसा बराबरको आर्थिक कारोबार गरेको समूहले चालु आर्थिक वर्षको लागि अनुमानित एक करोड चार लाख ८७ हजार दुई सय ९६ रुपैयाँ ६९ पैसा बराबरको वार्षिक कार्यक्रम प्रस्तुत प्रतिवेदनमा उल्लेख गरिएको छ।

पेश गरिएको वार्षिक कार्यक्रम अन्तर्गत वन विकासतर्फ २३ लाख ९६ हजार एक सय १२ रुपैयाँ, गरिबी न्यूनीकरणतर्फ ३५ लाख ९४ हजार एक सय ६८ रुपैयाँ, सामुदायिक विकासतर्फ चार लाख ५० हजार रुपैयाँ, प्रशासनिक खर्चतर्फ १८ लाख छ हजार रुपैयाँ, विविध अन्तर्गतको दायित्व भुक्तानीतर्फ नौ लाख ७३ हजार दुई सय ९७ रुपैयाँ ४८ पैसा, संकलनतर्फ आठ लाख ९७ हजार छ सय ३७ रुपैयाँ विनियोजन गरिएको छ।

सोही कार्यक्रमको अवसरमा विभिन्न व्यक्तित्वहरुलाई सम्मानित गरिएको थियो। यसरी सम्मानित हुनेहरुमा पूर्वाञ्चलकर्मी अमित खम्बु, जीएट होलो ब्लक उद्योगका सञ्चालक उमेश उपरकोटी, समूहका पूर्व कर्मचारीहरु टंकप्रसाद नेपाल, तेजबहादुर मगर, विष्णु मगर र समूह अन्तर्गत रहेको १२ वटा टोलबाट छनौट गरिएको १२ जना ज्येष्ठ नागरिक रहेका छन्।

(बाँकी अन्तिम पृष्ठमा)

## ९४ तोला चाँदीसहित एक पक्राउ

**झापा, कात्तिक १०।** मोरङको रतुवामाई नगरपालिका-३ छालगाछीबाट ९४ तोला चाँदीसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सोही स्थानका ३० वर्षीय

(बाँकी अन्तिम पृष्ठमा)

**कर्मचारी आवश्यकता**

**बिर्तामोडस्थित कार्यालयलाई निम्नानुसारका कर्मचारी आवश्यक परेकोले इच्छुक योग्यता पुगेका व्यक्तिले तु–सम्पर्क गर्नुहोला।**

१) पदः **Accountent:** १ जना (महिला/पुरुष)
योग्यताः BBA पास, संस्थाको दैनिक हिसाब राख्ने, पार्टीहरुसंग सामान्य डिल गर्ने, VAT को जानकारी भएको, कम्प्युटर सम्बन्धी ज्ञान भएको, वाइकको लाइसेन्स भएको, अनुभवीलाई प्राथमिकता।

२) पदः **रिसेप्सनिष्टः** १ जना महिला
योग्यताः +२ पास

Aadarsha Banquet

**आदर्श ब्याङ्क्वेट**

**बिर्तामोड, झापा (९८५२६८९५९५, ०२३–५४६१७०)**

**Sagun Restro & Bar**

Kanakai 1, Durgapur Jhapa



Rock With
Anil singh
Live Performance
Oct 30 2021
5 pm
**कार्तिक १३ गते शनिवार**
FREE **9825934414**

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि

**सम्पर्क : ९८०६०००३१३/०२३–५९०१६६**

नोटः प्रत्येक शनिवार MD डाक्टरको सेवा पनि रहेको छ।

## कँडेल ...

स्वतन्त्रता विषयमा प्रेस युनियनले खेलेको भूमिकाबारे चर्चा गरेका थिए ।

रकम हस्तान्तरण कार्यक्रममा बोल्दै व्यवसायी एवम् सामाजिक व्यक्तित्व कुमारमणि पोखरेलले कुनै पनि संस्थाका गतिविधि सञ्चालनमा आर्थिक स्रोत व्यवस्थापन महत्वपूर्ण कार्यको प्रारम्भ गरिदिएकोमा दाताप्रति सम्मान जनाउँदै हुने बताउँदै अक्षयकोषले संस्थाको दीर्घकालीन सञ्चालनमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

## तीन ...

रु. २२ अर्ब दुई करोड ६८ लाख ५२ हजारको भटमासको तेल निर्यात भएको छ ।

व्यवसायीले भटमासको कच्चापदार्थलाई विभिन्न मुलुकबाट आयात गरी प्रशोधन गरेर भारतमा निर्यात गर्ने गरेका छन् । सबैभन्दा बढी निर्यात हुने वस्तुको दोस्रा नम्बरमा कच्चा पाम तेल र तेस्रोमा प्रशोधित पाम तेल छन् । सार्वजनिक विवरणानुसार चालू आवको पहिलो तीन महिनामा रु. आठ अर्ब ४५ करोड ९८ लाख ३१ हजारको कच्चा पाम तेल र रु. पाँच अर्ब पाँच करोड ४८ लाख ९८ हजारको प्रशोधित पाम तेल निर्यात भएको देखिन्छ ।

त्यस्तै चालू आवको गत तीन महिनामा लगभग रु. दुई अर्ब २४ करोड ७६ लाख ६६ हजार बराबरको ऊनीको गलैंचा र झण्डै रु. एक अर्ब ८७ करोड ५५ लाख ६९ हजार बराबरको जुटका बुनिएका कपडा तथा अन्य कपडा निर्यात भएको विभागको तथ्याङ्क छ ।

## ९४ तोला ...

धर्वेन्द्र शर्मा रहेको प्रदेश नं. १ प्रहरी कार्यालय विराटनगरले जनाएको छ । महादेवाबाट खटिएको प्रहरी टोलीले बिल नभएको चाँदीको तार बनाइ ल्याइरहेको अवस्थामा शर्मालाई पक्राउ गरेको हो । चाँदीसहित आवश्यक कारबाहीका लागि उनलाई भन्सार कार्यालय विराटनगर पठाइएको प्रहरीले जनाएको छ ।

## शान्ति ...

कार्यक्रममा नगर कार्यपालिका सदस्य रघुनाथ खनाल, नेकपा एमालेका वडा सचिव मुकुन्द भण्डारी, नेपाली काँग्रेसका प्रतिनिधि गोपालप्रसाद लामिछाने, बेलटार खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष योगेन्द्र आचार्य, सल्लाहकारद्वय चेतनाथ सापकोटा र पुण्यप्रसाद ओझाले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । उक्त कार्यक्रमको सञ्चालन समूहका सहसचिव प्रेम उपरकोटीले गरेका थिए ।


# ड्राइभर आवश्यकता

स्कर्पियो गाडी कुदाउनको लागि लाइसेन्स भएको अनुभवी ड्राइभर चाहिएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

**सम्पर्कः ९८०१४२४१६५**

# मासु पसलमा कर्मचारी चाहियो

बिर्तामोड–१ स्थित अतिथि सदन लाइनमा रहेको एक मासु पसलका लागि दुई जना कर्मचारी चाहिएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला । तलबः आपसी समझदारीमा ।

**सम्पर्कः ९८१७०७६०४६**

# घर जग्गा बिक्रीमा

बिर्तामोड नपा वडा नं. १ सिनेप्लाजाबाट पश्चिम खानेपानी टेङ्की जाने पिचरोडको पश्चिमपट्टी ७½साठे सात धुर जग्गामा बनेको टिनको छाना भएको घरजग्गा बिक्रीमा रहेको हुँदा आवश्यक पर्ने महानुभावले सम्पर्क गर्नु होला ।

**मो. नं. ९८४४६४२०९५, ९८१७९९०२९९**


MITERI Development Bank Limited
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
Banking and beyond

(नेपाल राष्ट्र बैंकबाट 'ख' बर्गको ईजाजत प्राप्त संस्था)
प्रधान कार्यालय
धरान-१२, महेन्द्रपथ, सुनसरी
फोन नं. ०२५-५३१३१७/५३३३१७
Email:- info@miteribank.com.np

# कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना

*(प्रथमपटक प्रकाशित मितिः २०७८/०७/११)*

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको तपसिलका शाखावाट उपभोग गरेको कर्जाको सांवा र ब्याज भुक्तानीको म्याद समाप्त भइसकेको र लामो समयदेखि बक्यौता रहिरहेको हुनाले र कर्जा भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत हालसम्म कर्जा चुक्ताभुक्तानी नगरेकोले आफूले लिएको कर्जा र सोमा लागेको व्याज तथा हर्जाना समेत यस शाखामा उपस्थित भई यथाशीघ्र चुक्ताभुक्तानी गर्नु होला भनी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा पनि कर्जाको सम्पूर्ण सांवा, व्याज तथा हर्जाना समेत चुक्ता भुक्तानी नगरेमा यस बैकलाई कर्जाको सुरक्षण वापत लेखि दिएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन,२०५८ र सोको नियमावली २०५९ ले दिएको अधिकार प्रयोग गरी लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैकले आफ्नो लेना रकम असूलउपर गरी लिने व्यहोरा समेत ऋणी लगायत यस बैंकको अभिलेखमा रहेका देहायका सवै व्यक्तिगत जमानीकर्ता तथा सम्वन्धित अन्य सबैंलाई जानकारी गराईन्छ । साथै तपसीलमा उल्लेखित ऋणीले यो सूचना प्रकाशित भएको ३५ दिनभित्र बैंकबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ताभुक्तान नगरेमा नेपाल राष्ट्र बैंकको कालो सूची सम्बन्धी निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा सम्बन्धित ऋणी, धितो जमानतकर्ताको तिनपुस्ते विवरण सहितको नाम समावेश गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी, धितो जमानतकर्ता र व्यक्तिगत जमानत कर्ता तथा सम्वन्धित अन्य सबैंलाई यसै सूचना द्वारा जानकारी गराईन्छ ।

**तपसील**

**सुरुङ्गा शाखा, झापा (०२३–५५२३११)**

| ऋणीको नाम र ठेगाना | धितोको विवरण |
|---|---|
| **कर्जाको किसिम**<br>**१. व्यवसायिक कर्जाः**<br>ऋणी/व्यवसायको नाम : **अमनतिका होटल (प्रो. हरि प्रसाद गणेश)**, झापा गाउँपालिका को कार्यालय (सा.कुमरखोद गाउँ विकासको कार्यालय) झापामा द.नं. २७ मिति २०७३।०४।१३ र आन्तरिक राजश्व कार्यालय, भद्रपुर झापामा स्थायी पान नं. ६०५१११८६४ अन्तर्गत मिति २०७३।०६।०२ मा दर्ता भई टाघनडुब्बा गा.वि.स–२, झापा ।<br><br>**प्रोपाईटर/ जमानत कर्ता**<br>नामः हरि प्रसाद गणेश<br>बाबुको नामः ददिलाल गणेश<br>बाजेको नामः: शिवलाल गणेश<br>झापा गा.पा.–४,टागनडुब्बा, झापा<br>ना.नं.०४०३०३७ /७७८ र झापा मितिः २०६३।१२।२७ | १. मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेका श्री सुमित्रा कुमारी दास को स्वामित्व भएको झापा जिल्ला टागनडुब्बा वार्ड नं. ३ स्थितको कित्ता नं.३७८ क्षेत्रफल ३३८.६३ वर्ग मि.को जग्गा दृष्टिबन्धक रजिष्ट्रेशन पास गरिएको ।<br>**व्यक्तिगत जमानतकर्ता**<br><br>**जमानतकर्ता**<br>नामः सुमित्रा कुमारी दास<br>वाबुको नामः लखन दास<br>पतिको नामः हरि प्रसाद गणेश<br>झापा गा.पा.–४, टागनडुब्बा, झापा<br>ना.नं.०४०३०३७ /६६२ र झापा मितिः २०६३।१२।२८ |

पुनश्च : यस बैंकबाट ऋण लिई किस्ता, ब्याज समयमा नै नबुझाएका अन्य ऋणीहरुलाई समेत किस्ता तथा ब्याज नियमित गर्नु हुन अनुरोध गर्दछौं । अन्यथा बैंकको नियमानुसार यसरी नै कर्जा असुली प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।


MITERI Development Bank Limited
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
Banking and beyond

(नेपाल राष्ट्र बैंकबाट 'ख' बर्गको ईजाजत प्राप्त संस्था)
प्रधान कार्यालय
धरान-१२, महेन्द्रपथ, सुनसरी
फोन नं. ०२५-५३१३१७/५३३३१७
Email:- info@miteribank.com.np

# कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना


*(प्रथमपटक प्रकाशित मिति :२०७८/०७/११)*

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको तपसिलका शाखावाट उपभोग गरेको कर्जाको सांवा र ब्याज भुक्तानीको म्याद समाप्त भइसकेको र लामो समयदेखि बक्यौता रहिरहेको हुनाले र कर्जा भुक्तानी गर्न पटक–पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत हालसम्म कर्जा चुक्ताभुक्तानी नगरेकोले आफूले लिएको कर्जा र सोमा लागेको व्याज तथा हर्जाना समेत यस शाखामा उपस्थित भई यथाशिघ्र चुक्ताभुक्तानी गर्नु होला भनी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा पनि कर्जाको सम्पूर्ण सांवा, व्याज तथा हर्जाना समेत चुक्ता भुक्तानी नगरेमा यस बैकलाई कर्जाको सुरक्षण वापत लेखि दिएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ ले दिएको अधिकार प्रयोग गरी लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैकले आफ्नो लेना रकम असूलउपर गरी लिने व्यहोरा समेत ऋणी लगायत यस बैंकको अभिलेखमा रहेका देहायका सवै व्यक्तिगत जमानीकर्ता तथा सम्वन्धित अन्य सबैंलाई जानकारी गराइन्छ । साथै तपसीलमा उल्लेखित ऋणीले यो सूचना प्रकाशित भएको ३५ दिनभित्र बैंकबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ताभुक्तान नगरेमा नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशन बमोजिम कर्जा सुचना केन्द्र लिमिटेडको कालो सूचीमा सम्बन्धित ऋणी, धितो जमानतकर्ताको तीनपुस्ते विवरणसहितको नाम समावेश गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, धितो जमानतकर्ता र व्यक्तिगत जमानीकर्ता तथा सम्वन्धित अन्य सबैंलाई यसै सूचना द्वारा जानकारी गराईन्छ ।

**तपसील**

**सुरुङ्गा शाखा, झापा (०२३–५५२३११)**

| ऋणीको नाम र ठेगाना | धितोको विवरण |
|---|---|
| **कर्जाको किसिम**<br>**१. व्यवसायीक कर्जाः**<br>**१.ऋणीको नाम :** गंगा कृषि फर्म (प्रो. गंगा सिटौला), कन्काई नगरपालिका झापामा द.नं. ४६७२, मिति २०७६।०७।२१ र आन्तरिक राजश्व कार्यालय, झापामा स्थायी पान नं.६१२९३९१८७ अन्तर्गत मिति २०७६।१०।१५ मा दर्ता रहेको ।<br><br>**प्रोपाइटर/ जमानत कर्ता**<br>नामः गंगा सिटौला<br>बाबुको नामः महेन्द्र प्रसाद सिटौला<br>पतिको नामः: लक्ष्मी प्रसाद कुईकेल<br>कन्काई नगरपालिका–३, झापा<br>नागरिकता नं. ०४१०१७।१७८<br>जारी मितिः २०६५।०५।२४, झापा<br><br>**जमानतकर्ता**<br>नामः लक्ष्मी प्रसाद कुईकेल<br>वाबुको नामः होमनाथ कुईकेल<br>बाजेको नामः पदम लाल कुईकेल<br>कन्काई नगरपालिका–३, झापा<br>नागरिकता नं. ३३३५८५२२<br>जारी मितिः २०७६।१०।१४, झापा | १.मालपोत कार्यालय भद्रपुर झापा मा दर्ता कायम रहेका श्री डम्बर कुमारी कुईकेल को स्वामित्व भएको झापा जिल्ला, सुरुङ्गा गा.वि.स वाड नं. ५ स्थित कित्ता नं. ४४६ र ४४८ क्षेत्रफल क्रमश : ०–०–११–० र ०–०–१–० भएको जग्गा, मालपोत कार्यालय भद्रपुर झापामा दृष्टिबन्धक रजिष्ट्रेशन पास गरिएको ।<br>**व्यक्तिगत जमानतकर्ता**<br><br>**जमानतकर्ता**<br>नामः डम्बर कुमारी कुईकेल<br>वाबुको नामः बद्री प्रसाद खतिवडा<br>पतिको नामः होमनाथ कुइँकेल<br>कन्काई नगरपालिका–३, झापा<br>नागरिकता नं. ३२३५९६<br>जारी मितीः २०४६।०२।।१८,झापा<br><br>**जमानतकर्ता**<br>नामः : होमनाथ कुईकेल<br>वाबुको नामः पदम लाल कुईकेल<br>बाजेको नामः मित्रलाल कुईकेल<br>कन्काई नगरपालिका–३, झापा<br>नागरिकता नं. ६५७४<br>जारी मिति २०३८।१०।२२, मोरङ |

पुनश्च : यस बैंकबाट ऋण लिई किस्ता, ब्याज समयमा नै नबुझाएका अन्य ऋणीहरुलाई समेत किस्ता तथा ब्याज नियमित गर्नु हुन अनुरोध गर्दछौं । अन्यथा बैंकको नियमानुसार यसरी नै कर्जा असुली प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

## मदन भण्डारी राजमार्ग झापा झटारे मेचीडाँगी सडक खण्डमा पर्ने सानोनेते खोला पुलको

# संक्षिप्त वातावरणीय अध्ययन प्रतिबेदनको सार्वजनिक सुनवाई कार्यक्रम

**प्रथमपटक प्रकाशित मितिः २०७८/०७/११**

श्री सडक विभाग, मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय, चाकुपाट ललितपुरद्वारा प्रस्तावित ठूलोनेते खोला पुल मदन भण्डारी राजमार्ग झापा झटारे मेचीडाँगी सडकखण्ड अन्तर्गत झापा जिल्ला, अर्जुनधारा नगरपालिका, वाड नम्बर १ को साधुटार तथा कैरेनीबीच भई बग्ने ठूलोनेते खोलामा निर्माण गर्नको लागि प्रस्ताव गरिएको छ ।

| क्र.स | खोला /पुल | प्रभावित क्षेत्र |
|---|---|---|
| १ | ठूलोनेते खोला पुल (लम्बाई ६० मिटर) | अर्जुनधारा नगरपालिका, वडा नम्बर १ को साधुटार तथा कैरेनी |

वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७ अनुसार संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारीको क्रममा सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान अनुरुप आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी जानकारी गराउने लक्ष्यका साथ यस सार्वजनिक सूचनामार्फत आयोजनाबाट प्रभावित नगरपालिका अन्तर्गत सरकारी तथा गैरसरकारी संघ–संस्था, विद्यालय, स्वास्थ्य चौकी तथा व्यक्ति एवम् सरोकारवालालाई निम्न मिति, समय तथा स्थानमा उपस्थित भई अमूल्य राय सझाव तथा प्रतिकृया दिनका लागि हार्दिक अनुरोध गर्दछौ ।

| स्थान | मिति | समय |
|---|---|---|
| कैरेनी ठुलोनेते खोलाको किनार | २०७८।०७।१३ गते | दिउँसो ३ बजे |

# अर्जुनधारा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल

## सँधियारका नाममा जारी गरिएको सात दिने सूचना

अर्जुनधारा नगरपालिका वडा नं. ११ बस्ने श्री सीता सुवेदीले निजका नाममा दर्ता कायम रहेको तपशिल बमोजिम जग्गामा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नुभएकोमा तपाई संधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ३१ को उपदफा क प्रयोजनका लागि यो सात दिने सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१) पूर्वतर्फ श्री बाटो
२) पश्चिमतर्फ श्री विष्णुप्रसाद रेग्मी
३) उत्तर तर्फ श्री बाटो
४) दक्षिणतर्फ श्री दुर्गा बास्कोटा

| जग्गा रहेको स्थान | कि.नं. | क्षेत्रफल | सर्जमिन | प्रकाशित |
|---|---|---|---|---|
| अर्जुनधारा–११ | १९३७,१९३५ | ०–०–११ | २०७८।६।२२ | २०७८।७।११ |

# आकाशगंगा बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड–५, झापाको

## सच्याइएको सूचना

आकाशगंगा बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड–५ र सूर्योदय दूग्ध उत्पादन सहकारी संस्था लि. बिर्तामोड–५ बीच मर्ज भइ दुवै संस्थाहरुको एकीकृत कारोबार भइरहेको व्यहोरा सम्पूर्ण सदस्यहरुलाई जानकारी गराउँदै नेपाल सरकारद्वारा जारी स्वास्थ्य सुरक्षा सम्बन्धि मापदण्डहरुको पालना गर्दै, गराउँदै उच्च सतर्कता र सावधानीक साथ सामाजिक दूरी कायम गरी निम्न मिति, स्थान र समयमा सम्पन्न हुने एकीकृत साधारण सभामा सदस्यहरुलाई उपस्थितिको लागि अनुरोध गर्दछौं ।

**नोटः प्रतिवेदन मिति २०७८/०७/२२ देखि संस्थाको कार्यालयमा सम्पर्क गरी लिई दिनुहुन र २०७८/०७/२५ सम्म प्रतिवेदन सम्बन्धि आ–आफ्नो सुझाब दिनुहुन समेत अनुरोध गरिन्छ**

**कार्यक्रमरु**

मितिः २०७८ कात्तिक २६ गते — समयः बिहान ११ बजे
स्थानः आदर्श ब्याङ्क्वेट, बिर्तामोड–४

**अध्यक्ष**

**आकाशगंगा बचत तथा ऋण सहकारी संस्था लि.**

**बिर्तामोड–५, मेघा कम्प्लेक्स दोस्रो तला (०२३–५३०००१)**


# अर्जुनधारा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल

## सँधियारका नाममा जारी गरिएको सात दिने सूचना


अर्जुनधारा नगरपालिका वडा नं. ६ का मनिला श्रेष्ठ कि.नं. ३४३९ को ज.वि. ०–०–१०,५० क्षेत्रफल जग्गामा निर्माण भएको आरसीसीको स्थलगत सजमीन गर्न जाँदा तपाई निम्नानुसारको सँधीयार अनुपस्थित भएकोले निवेदनको घरले सँधियार, सार्वजनिक सम्पत्ति हानी नोक्सानी हुन्छ हुँदैन हुने भए सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्र अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ । अन्यथा निम्नानुसार काम, कारवाही हुने सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिन्छ ।

**निम्न**

| दिशा | सँधियारको नाम, थर | सर्जमिन | नक्सा दर्ता | कैफियत |
|---|---|---|---|---|
| पूर्व | श्री हरिप्रसाद कोइराला | २०७८।०७।०९ | २०७८।०६।०६ | |
| पश्चिम | श्री पर्शुराम नेपाल | | | |
| उत्तर | बाटो | | | |
| दक्षिण | श्री शिव पौडेल | | | |


## मदन भण्डारी राजमार्ग झापा झटारे मेचीडाँगी सडक खण्डमा पर्ने सानोनेते खोला पुलको

# संक्षिप्त वातावरणीय अध्ययन प्रतिबेदनको सार्वजनिक सुनवाई कार्यक्रम

**प्रथमपटक प्रकाशित मितिः २०७८/०७/११**


श्री सडक विभाग, मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय, चाकुपाट ललितपुरद्वारा प्रस्तावित सानोनेते खोला पुल मदन भण्डारी राजमार्ग झापा झटारे मेचीडाँगी सडक खण्ड अन्तर्गत झापा जिल्ला, अर्जुनधारा नगरपालिका, वडा नम्बर १ को झटारे हलुवागढ तथा हचुमासा सामुदायिक वनबीच भई बग्ने सानोनेते खोलामा निर्माण गर्नको लागि प्रस्ताव गरिएको छ ।

| क्र.स | खोला /पुल | प्रभावित क्षेत्र |
|---|---|---|
| १ | सानोनेते खोला पुल (लम्बाई ३० मिटर) | अर्जुनधारा नगरपालिका, वडा नम्बर १ को झटारे हलुवागढ तथा हाचुमासा सामुदायिक वन |

वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७ अनुसार संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारीको क्रममा सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान अनुरुप आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी जानकारी गराउने लक्ष्यका साथ यस सार्वजनिक सूचनामार्फत आयोजनाबाट प्रभावित नगरपालिका अन्तर्गत सरकारी तथा गैरसरकारी संघ–संस्था, विद्यालय, स्वास्थ्य चौकी तथा व्यक्ति एवम् सरोकारवालालाई निम्न मिति, समय तथा स्थानमा उपस्थित भई अमूल्य राय सझाव तथा प्रतिकृया दिनका लागि हार्दिक अनुरोध गर्दछौ ।

| स्थान | मिति | समय |
|---|---|---|
| कैरेनी ठुलोनेते खोलाको किनार | २०७८।०७।१३ गते | दिउँसो २ बजे |

## मदन भण्डारी राजमार्ग झापा झटारे मेचीडाँगी सडक खण्डमा पर्ने बिरीङ खोला पुलको

# प्रारम्भिक वातावरणीय परीक्षण प्रतिबेदनको सार्वजनिक सुनवाई कार्यक्रम

**प्रथमपटक प्रकाशित मितिः २०७८/०७/११**

श्री सडक विभाग, मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय, चाकुपाट ललितपुर द्वारा प्रस्तावित बिरीङ खोला पुल मदन भण्डारी राजमार्ग झापा झटारे मेचीडाँगी सडक खण्ड अन्तर्गत झापा जिल्ला, अर्जुनधारा नगरपालिका, वडा नम्बर १को साधुटार तथा बुद्धशान्ति गाउँपालिका, वडा नम्बर १ को बुद्धशान्तिबीच भई बग्ने बिरीङ खोलामा निर्माण गर्नको लागि प्रस्ताव गरिएको छ ।

| क्र.स | खोला /पुल | प्रभावित क्षेत्र |
|---|---|---|
| १ | बिरीङ खोला पुल (लम्बाई २२०.६२ मिटर) | झापा जिल्ला, अर्जुनधारा नगरपालिका, वडा नम्बर १ को साधुटार तथा बुद्धशान्ति गाउँपालिका, वडा नम्बर १ को बुद्धशान्ति |

वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको क्रममा सार्वजनिक सुनुवाई गनुपर्ने प्रावधान अनुरुप आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी जानकारी गराउने लक्ष्यका साथ यस सार्वजनिक सूचनामार्फत आयोजनाबाट प्रभावित नगरपालिका तथा गाउँपालिका अन्तर्गत सरकारी तथा गैरसरकारी संघ–संस्था, विद्यालय, स्वास्थ्य चौकी तथा व्यक्ति एवम् सरोकारवालालाई निम्न मिति, समय तथा स्थानमा उपस्थित भई अमूल्य राय सुझाव तथा प्रतिकृया दिनका लागि हार्दिक अनुरोध गर्दछौ ।

| स्थान | मिति | समय |
|---|---|---|
| श्री शंकराचार्यपीठ साधुटार | २०७८।०७।१३ गते | विहान १० बजे |

# सन्राइज बैंक लिमिटेड

शाखा कार्यालय, सुरुङ्गा

## निक्षेप हकदावी सम्बन्धी ३५ दिने सूचना

श्री छोट्रिर राईको नाति/नातिनी/बुहारी श्री इन्द्रध्वज राईको छोरा/छोरी/पत्नी झापा जिल्ला, कन्काई न.पा./गा.पा. वडा नं. ३ बस्ने मिलनकुमार राईको मिति २०७८/०२/०५ मा मृत्यु भएको कारण निजको नाममा यस बैंकको शाखा कार्यालय सुरुङ्गामा रहेको खाता नं. ०३८१०१४७३३००१७ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनी निज मृतकको पत्नी, अञ्जु राईले यस बैंकमा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाणसहित दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा कानून बमोजिम भई जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । साथै, म्यादभित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।


# कर्मचारी आवश्यकता

**तलब कम्पनीको नियम अनुसार**

| क्र.सं. | विवरण | संख्या | क्र.सं. | विवरण | संख्या |
|---|---|---|---|---|---|
| १. | सेक्युरिटी गार्ड (पुरुष/महिला) | १०/१० | ६. | वेटर/वेट्रेर्स | १०/१० |
| २. | क्लिनर महिला | १५ | ७. | हाउस किपिङ्ग (महिला/पुरुष) | १०/१० |
| ३. | एकाउण्टेन्ट | ५ | ८. | कफी मेकर | ५ |
| ४. | हेल्पर पुरुष | १० | ९. | कुकमेन/सेफ | ५ |
| ५. | रिसेप्सनिष्ट | ५ | १०. | किचन हेल्पर (महिला/पुरुष) | ६ |

सेक्युरिटी र अन्य कामको अनुभवीलाई बिशेष प्रथमिकता हुनेछ । साथै सम्पूर्ण कामका लागि ट्रेनिङसहित रोजगारीको ग्यारेन्टी हुनेछ ।

## विर सेक्युरिटी एण्ड क्लिनिङ सर्भिस प्रा. लि.

बिर्तामोड–५, कृषिथोक लाइन

सन्तोष राजवंशी : ९८५२६४०१२३, ९८०७९१४१२३, ०२३–५४४८३४

# बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह–सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी–९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३–५३१००२/प्रशासन/विज्ञापन : ०२३–५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल
सम्पादकीय

# जनतालाई सम्बोधन गर

जग्गा अधिग्रहण प्रक्रियामा ढिलाइ भएको भन्दै भद्रपुर भन्सार कार्यालयविरुद्ध स्थानीय जग्गाधनीहरु आन्दोलित भएका छन् । गत २०७५ भदौ १ गतेदेखि भद्रपुर भन्सार कार्यालय मूल भन्सार कार्यालयमा स्तरोन्नति भएको थियो । स्तरोन्नति गरी भन्सारको जिम्मेवारी बढाएपछि आवश्यक पर्ने जग्गा कार्यालयसँग जोडिएको स्थानीयबासीको नम्बरी जग्गा अधिग्रहण गरी भौतिक संरचना निर्माण गर्ने प्रक्रिया थालिएको थियो । त्यस अनुसार स्थानीयबासीका नौ विगाह जग्गाको पहिचान गरी मालपोत कार्यालयमा जग्गा रोक्का गरिएको थियो । त्यसयता सरकारले जग्गाको मुआब्जा नदिएर स्थानीयबासीलाई दुःख दिएको जग्गाधनीहरुको गुनासो छ । जग्गा रोक्का गरेको लामो समय भइसक्दा पनि मुआब्जा नदिएपछि जग्गाधनीहरुले मंगलबार भन्सार कार्यालय पुगेर कार्यालयको मूल गेटमा तालाबन्दी गरे ।

नम्बरी जग्गा अधिग्रहण गर्ने निर्णय गरेको सरकारले त्यसको पन्ध्र महिनापछि प्रमुख जिल्ला अधिकारी उदय रानामगरको संयोजकत्वमा मूल्याङ्कन उपसमिति गठन गरी प्रक्रिया अघि बढाएको थियो । सोही समितिले जग्गाको पहिचान र मूल्याङ्कन गरी ०७७ साउन २७ गते जग्गा किनबेच गर्न नपाउने गरी रोक्का गरेको थियो । भद्रपुर र भारतलाई जोड्ने मेची पुलको निर्माण सम्पन्नतापछि उक्त भन्सार कार्यालयको आर्थिक गतिविधि बढ्ने भएकाले सरकारले मूल भन्सारमा परिणत गरेको थियो । त्यसै अनुसार कार्यालय क्षेत्र विस्तार गर्ने उद्देश्यले सरकारले सँधियारका रुपमा रहेका स्थानीयको जग्गा अधिग्रहण गर्ने प्रक्रिया थालेको थियो । तर, आजपर्यन्त उचित मूल्याङ्कनका आधारमा मुआब्जा वितरण गर्ने काम सरकारले गरेको छैन ।

पुल निर्माणपछि पुलसँग सम्बन्ध स्थापित गर्ने सडकको पनि स्तरोन्नति गरिएको छ । सडक अग्लो र पानीको निकास नभएका कारण त्यस क्षेत्रका बासिन्दाले वर्षामा डुवानको पीडा पनि खप्नु पर्‍यो । स्थानीयले अझै पनि बेमौसमी वर्षाले हिलो र पानीमा बस्नु परेको भन्दै आक्रोश व्यक्त गर्दै ढिलासुस्तीविरुद्ध भन्सार गेटमा तालाबन्दी गर्नुपरेको बताएका छन् । भएको थातथलो डुबानमा परेको र अन्यत्र सरेर जान सक्ने अवस्था पनि नभएपछि मुआब्जाका लागि दवाव दिन पुगेका स्थानीयलाई तत्कालका लागि त थुम्थुम्याइएको छ । तर, समस्याको अन्त्य कहिले हुन्छ अन्यौल नै छ । त्यसो त कानूनी, प्राविधिक र प्रशासनिक प्रक्रिया पूरा गर्न समय लाग्न पनि सक्छ । तर, राष्ट्रिय महत्वका योजनाको कार्यान्वयनमा सरकारको जिम्मेवारीपन देखिने भने छैन । त्यसैले भएका असहजतालाई हटाएर उचित मुआब्जासहित उनीहरुको माग सम्बोधन गर्न सम्बद्ध निकायले जिम्मेवार भूमिका निर्वाह गर्नुपर्छ ।

# किन आवश्यक छ पूर्ण समानुपातिक निर्वाचन ?



गिरिराजमणि पोखरेल

निर्वाचन अत्यधिक महँगो हुँदै गएको छ। पूर्ण समानुपातिकमा गएपछि चुनाव खर्चिलो पनि हुँदैन। अहिले जसरी व्यक्तिले खर्च गर्नु पर्दैन। पार्टीले सामुहिक रूपमा भोट माग्छ।

गणतन्त्रका लागि गरिएको २०६२/०६३ को जनआन्दोलन र जनयुद्धको नेतृत्व नेकपा (माओवादी केन्द्र)ले गर्‍यो। २०७२ सालमा संविधानसभाबाट संविधान जारी हुने बेलामा अहिलेको शासकीय स्वरूप, निर्वाचन प्रणाली लगायत विषयमा हाम्रो पार्टीले विमति राखेको थियो।

त्यति बेलाको शक्ति सन्तुलनको आधारमा संविधान बन्यो। हामीले आफ्नो अडान नछाडेको भए संविधान नबन्न सक्थ्यो। त्यसकारण हामी मिश्रित निर्वाचन प्रणालीमा जान सहमत भयौं। माओवादी समानुपातिक, समावेशी लोकतन्त्रको पक्षधर पार्टी हो। पूर्ण समानुपातिकमा जाँदा समावेशी लोकतन्त्र प्रत्याभूत हुन्छ। समाजवाद उन्मुख व्यवस्थामा जानका लागि पनि अहिलेको निर्वाचन प्रणाली फेर्नु पर्छ।

अहिले समाज र राजनीतिमा भ्रष्टाचार मौलाएको छ। यसमा निर्वाचन प्रणाली पनि दोषी छ। राजनीतिलाई स्वच्छ बनाउन मिश्रित निर्वाचन प्रणाली बदल्नुपर्छ भन्ने मूलभूत पक्ष हो। माओवादीले आज आएर मात्रै समानुपातिक प्रणालीको कुरा गरेको हो भन्ने ढङ्गले हेर्नु हुँदैन। माओवादी समानुपातिक, समावेशी लोकतन्त्रको पक्षधर पार्टी हो। पूर्ण समानुपातिकमा जाँदा समावेशी लोकतन्त्र प्रत्याभूत हुन्छ। समाजवाद उन्मुख व्यवस्थामा जानका लागि पनि अहिलेको निर्वाचन प्रणाली फेर्नु पर्छ।

हाम्रो पार्टीको केन्द्रीय समितिले समानुपातिक प्रणालीलाई अगाडि बढाउनुपर्ने निर्णय गरेको छ। त्यसै पृष्ठभूमिमा पार्टी अध्यक्षले आगामी चुनावमा 'समानुपातिक चुनाव प्रणालीलाई नारा बनाउँछौं' - भन्नुभएको हो।

समानुपातिक निर्वाचन प्रणालीका पनि धेरै मोडेल छन्।

> लोकतन्त्रका पनि बेलायत, अमेरिका, स्कन्डेभियन मुलुकमा फरक-फरक मोडेल छन्। वेस्ट मिनिस्टर्स प्रणालीका पक्षधरले पहिलो हुने निर्वाचित हुने प्रणाली कै वकालत गरेको देखिन्छ। दक्षिण एशियामा पनि यो बेलायती उपनिवेशसँगै आएको हो।



हामीले नेपाललाई सुहाउँदो मोडेल अपनाउनुपर्छ।

चुनाव पनि आन्दोलन हो। यो जनमत तयार गर्ने अवसर हो। चुनावका वेलामा पूर्ण समानुपातिक निर्वाचन प्रणालीको बहस पनि मतदातासम्म पुर्‍याउन सकिन्छ। र, मतदाताले पनि त्यसैको आधारमा धारणा बनाउँछन्। मतदातालाई मन परेको कुरा संसद्मा प्रतिविम्बित हुन्छ। त्यसैका आधारमा संविधान संशोधन गर्न सकिन्छ।

हाम्रो पार्टीले समानुपातिकलाई चुनावी नारा बनाउने भनेपछि निर्वाचन प्रणालीको विषयमा बहस-छलफल शुरू भएको छ। अब कहाँ-कहाँ सुधार गर्न आवश्यक छ भन्ने निर्क्योल गर्न सजिलो हुन्छ। यो सँगै प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख हुनुपर्छ भन्ने पनि हाम्रो पार्टीको धारणा छ। अब कहाँ-कहाँ सुधार गर्न आवश्यक छ भन्ने निर्क्योल गर्न सजिलो हुन्छ। यो सँगै प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख हुनुपर्छ भन्ने पनि हाम्रो पार्टीको धारणा छ।

निर्वाचन प्रणालीबारे सत्तारूढ दलहरूका पनि आ-आफ्ना धारणा छन्। संविधान जारी गर्दा मिश्रित प्रणालीको पक्षमा रहेको नेपाली कांग्रेसभित्रै पनि विभिन्न धारणा छन्। त्यसैले पनि निर्वाचनबाट प्राप्त जनमतका आधारमा धारणा बनाउन सकिन्छ भन्न खोजेका हौं। जनमत अनुसार संसदीय गणितमा पनि सजिलो होला।

लोकतन्त्रका पनि बेलायत, अमेरिका, स्कन्डेभियन मुलुकमा फरक-फरक मोडेल छन्। वेस्ट मिनिस्टर्स प्रणालीका पक्षधरले पहिलो हुने निर्वाचित हुने प्रणाली कै वकालत गरेको देखिन्छ। दक्षिण एशियामा पनि यो बेलायती उपनिवेशसँगै आएको हो। हामीले प्रत्यक्ष र मिश्रित दुवै अभ्यास गरिसकेका छौं। त्यसकारण अब कस्तो प्रणाली अपनाउने भनेर बहस गरिरहेका छौं, जुन धेरै सकारात्मक छ।

प्रत्यक्ष निर्वाचन प्रणालीमा गरीब, विपन्न, दलित, पछि परेका समुदायबाट जित्ने त कुरै छाड्नुस्, उम्मेदवार नै हुन सक्दैनन्। जब कि, हामी नाम मात्रको होइन, वास्तविक समानुपातिक समावेशिताको पक्षमा छौं। जुन कुरा प्रत्यक्ष निर्वाचन प्रणालीबाट सम्भव छैन।

अर्को, निर्वाचन अत्यधिक महँगो हुँदै गएको छ। पूर्ण समानुपातिकमा गएपछि चुनाव खर्चिलो पनि हुँदैन। अहिले जसरी व्यक्तिले खर्च गर्नु पर्दैन। पार्टीले सामूहिक रूपमा भोट माग्छ। पार्टीले मुद्दा र विचारका आधारमा मत पाउँछ। उम्मेदवारले अदृश्य खर्च गर्नुपर्ने अवस्थाको अन्त्य हुन्छ। हाम्रो जस्तो जातीय, क्षेत्रीय, लैङ्गिक लगायत मुद्दा प्रबल भएको देशमा त पूर्ण समानुपातिकको विकल्प छैन।

आगामी निर्वाचन प्रचलित कानून अनुसार नै लड्छौं। त्यसपछि मात्रै प्राप्त जनमतको आधारमा यो बहसलाई अगाडि लैजान्छौं। पूर्ण समानुपातिक प्रणालीलाई अजेन्डा बनाएर अगाडि जान्छौं। *हिमालखबर*

# मास्क- कपडाकै ठीक !



एलबी बस्नेत


कोभिड महामारीसँगै, मास्क हाम्रो दैनिकीको अभिन्न अवयव बनिसक्यो। कहिलेसम्म लगाउनुपर्ने हो, थाह छैन। लामो समय मास्क लगाइरहन अप्ठ्यारो भए पनि यसको विकल्प अहिलेसम्म छैन। भ्याक्सिन लगाइसकेको भए पनि, नभए पनि मास्क लगाउनु नै रोकथामको प्रभावकारी उपाय हो।

छिमेकी देश भारतमा कोभिड संक्रमण भयावह बन्दैछ। एकैदिन ७२ हजार नयाँ संक्रमित थपिएसँगै भारतमा कोभिड संक्रमणको दोस्रो लहरले विकराल स्थिति निम्त्याउन सक्ने आकलन गर्न थालिएको छ। खुला सिमाना र जनजीविकाको घनिष्ट सम्बन्ध भएकोले नेपालमासमेत संक्रमणको दोस्रो लहर शुरु भइसकेको देखिन्छ। दैनिक हजारौं मानिसहरुको आवत-जावत हुने नाकाहरुमा स्वास्थ्य मन्त्रालय इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा र प्रदेश स्वास्थ्य निर्देशनालयहरुको पहलमा स्वास्थ्य निगरानी गर्न विगतमा जस्तै 'हेल्प डेस्क' पुनः सञ्चालनमा ल्याइएको छ। हेल्थ डेस्कहरु मार्फत् सर्जिकल मास्क समेत वितरण गरिएका छन् भने क्वारेन्टिनहरु तयारी अवस्थामा राख्नस थालिएको छ। त्यस्तै, कतिपय स्थानीय तहमा मास्क अनिवार्य गरिएको छ।

कोरोना महामारीका बेला सरकारले के-के गर्‍यो, के-कस्ता पाठ सिकियो भनेर स्वास्थ्य मन्त्रालयले रिपोर्ट नै सार्वजनिक गरेको छ। धेरैजसो सकारात्मक कदमहरु चाल्दा-चाल्दै पनि प्रशस्त आलोचना खेपेको हाम्रो स्वास्थ्य प्रणालीलाई कोरोनाको सम्भाव्य दोस्रो लहरलाई रोकथाम र सामना गर्ने चुनौति आइपरेको छ। यस्तोमा फेरि पनि रोकथामका उपायहरु भनेको मास्क लगाउने, हात धुने, भौतिक दूरी कायम गर्ने नै हो। फेरि 'लकडाउन' जस्तो कठोर र बाध्यकारी अवस्थामा पुग्नेर कि नपुग्नेर हाम्रो सामुहिक विवेकमा निर्भर छ।

महामारी लम्बिँदै जाँदा मानिसहरुमा 'व्यावहारिक थकान' हुने र भाग्यवादी बन्दै, जोखिमपूर्ण व्यवहार अँगाल्न थाल्छन् भन्ने वैज्ञानिक अवधारणाको सत्यतामा पछिल्लो समय शंका पनि व्यक्त भएका छन्। तर, पहिले नै मानव शास्त्रीय ढंगले भाग्यवादी भनिएका हामी नेपालीमा यो 'व्यावहारिक थकान' कतै यथार्थ नै त होइन ?

समुदायमा, किन हामी स्वास्थ्यकर्मी र जनस्वास्थ्यकर्मीहरुले अपेक्षा गरे अनुरुप मास्कको व्यापक प्रयोग हुन सकेन त ? कोरोना कसरी सर्छ भन्नु कुरामा जनचेतनाको कमी हुनुलाई नै प्रमुख कारण मान्नर अब चाहिँ नमिल्ला ! त्यसो हो भने, के हाम्रो समाजमा, गोटाको १० रुपैयाँ पर्ने सर्जिकल मास्क, सबैले प्रयोग गर्न सक्छन् ? अनि, दिनदिनै नयाँ सर्जिकल मास्क नि ? एक जनाले दिनको १० रुपैयाँ खर्च गर्नुपर्ने मास्क प्रयोगको आर्थिक भार सबैलाई उस्तै छ त ? यसबीच, राजनीतिक कारणले 'आमसभा प्रतियोगिता'पश्चात कोरोना महामारीलाई नजरअन्दाज गर्ने मानसिकताको



पो विकास भयो कि ?

बढी प्रयोगमा रहेको सर्जिकल मास्कको विकल्पमा वातावरण प्रदूषण नगर्ने, पुनःप्रयोग गर्न सकिने कपडाका मास्क हुनसक्छ भनेर विश्व स्वास्थ्य संगठन र सेन्टर फर डिजिज कन्ट्रोल प्रिभेन्सन (सीडीसी)ले भनेका छन्। नेपाली बजारमा पनि कपडाको मास्क जथाभावी चल्तीमा आउन थालेका छन्। यस्ता मास्कको गुणस्तरतर्फ सरकारले ध्यान दिनु जरुरी छ। कपडाको मास्कबारे सीडीसीमा प्रकाशित अनुसन्धानमुलक लेखले भन्छ- कपडाको धेरै पत्र भएको मास्क र सर्जिकल मास्क उस्तै प्रभावकारी छ। त्यस्तै विश्व स्वास्थ्य संगठनको भनाइमा- ६० वर्षभन्दा कम उमेरका, दीर्घरोग लगायतका रोग नभएकाहरुले कपडाले बनेको मास्क लगाउँदा हुन्छ। तर, दैनिक साबुन वा सरफले सकेसम्म तातो पानी प्रयोग गरी धुनुपर्छ।

सर्जिकल मास्कबारे अर्को गम्भीर कुरा यसले प्लास्टिकजन्य वातावरण प्रदूषण अत्याधिक बढाउँदैछ भन्नु हो। संयुक्त राष्ट्रसंघको व्याोपार तथा विकास संयन्त्र (यूएनसीटीएडी)को अनुमानमा विश्वमा 'डिस्पोजेबल' मास्कको व्याापार सन् २०२० मा १६६ बिलियन डलरको भयो भने सन् २०१९ मा ८०० मिलियन डलरको मात्र भएको थियो। नेपालमा समेत प्लास्टिकजन्य प्रदूषण महामारीसँगै अझ बढ्दैछ।

बाटोमा हिँड्दा भुइँतिर नियालेर हेर्नुहोस् त ! सडकमा जहाँतहीँ देखिने रातो-रातो स-साना प्लास्टिकका टुक्रा 'गुट्का' नामक सुर्तीजन्य पदार्थ खाएर फालिएको खोल हो भने, अचेल दुईतिर तुना भएको एउटा निलो, हरियो, सेतो, कालो रङको अलि ठूलो टुक्रा समेत देख्नु हुनेछ। त्यो हामीले नै प्रयोग गरेर फालेको सर्जिकल मास्क हो। यसरी फालिएका मास्कमा 'पोलिप्रोपाइलिन' भनिने प्लाटिक तत्व हुने भएकाले यो सहजै वातावरणमा मिसिँदैन। बरु लामो समय माटो र पानीमा रहेर जीवजन्तु र वातावरणको स्वास्थ्य बिगार्छ। यसले अन्ततः बिग्रिने मान्छे कै स्वास्थ्य हो। अझ, संक्रमितले प्रयोग गरेर फालेको मास्कबाट रोग फैलिने समेत सम्भावना हुन्छ।

कतिपय देशमा कपडाको गुणस्तरीय मास्क बनाएर प्रयोग भइरहेको सन्दर्भमा हामीले पनि पुनःप्रयोग गर्न नमिल्ने, वातावरण प्रदूषण गर्ने, खर्चिलो सर्जिकल मास्कको विकल्प खोज्नो बेला भयो कि ? हामी कहाँ धेरैजसो संक्रमण थुकका स-साना छिटाबाट प्रत्यक्षमात्र नभई, विभिन्ना सतहमा छोएको हातले मुख-नाकमा छुनाले फैलिरहेको हुनसक्छ। अन्त्यमा, समुदायस्तरमा कपडाको गुणस्तरीय मास्क बाँड्न र त्यसलाई सफा गरी पुनः प्रयोग गर्न सिकाइएमा मास्कको प्रयोग समेत बढ्ने थियो। समुदायमा जति धेरै मानिसले मास्क लगायो त्यति धेरै यसको प्रभावकारिता बढ्छ।

*(लेखक लुम्बिनी प्रदेशको सामाजिक विकास मन्त्रालयका कम्युनिटी फिजिसियन हुन्।)*

# साइरसले दृष्टिविहीन विद्यार्थीसँग जन्मोत्सव मनाए

**बिर्तामोड, कात्तिक १०।** चन्द्रगढीका एक बालकले दृष्टिविहीन विद्यार्थीलाई सहयोग गरेर आफ्नो जन्मोत्सव मनाएका छन्।

भद्रपुर-७ का साइरस प्रसाईले आफ्नो जन्मोत्सवको अवसर पारेर बिर्तामोडस्थित गारानीमा रहेको दुर्गा माध्यमिक विद्यालयका दृष्टिविहीन विद्यार्थीलाई सहयोग गरेका छन्। आफू जस्तै बालबालिका त्यसमा पनि दृष्टिविहीन विद्यार्थीलाई अध्ययनमा सहजता होस् भनेर जन्मोत्सवमा सहयोग गरेको साइरसको भनाइ छ। उनले दुर्गा माध्यमिक



विद्यालयमा अध्ययनरत् १० जना दृष्टिविहीन विद्यार्थीलाई शैक्षिक सामग्री ब्रेन पेपर सहयोग गरेका छन्।

छोरालाई सामाजिक काममा प्रेरित गर्दै शिक्षालाई पहिलो प्राथमिता दिएर दृष्टिविहीन विद्यार्थीलाई सहयोग गरेर जन्मोत्सव मनाइएको साइरसकी आमा सोनु ओली( प्रसाई)ले बताइन्। उनले भनिन्- 'होटलमा केक काटेर फजुल रुपमा गर्ने खर्चलाई बालबालिकाको शैक्षिक क्षेत्रमा सहयोग गर्न पाउँदा खुशी लागेको छ।'

सानै उमेरबाट छोरालाई सामाजिक सेवाका क्षेत्रमा उत्प्रेरित गर्नका साथै दृष्टिविहीन विद्यार्थीको अध्ययनमा सहजता होस् भनेर छोराको जन्मोत्सव शैक्षिक सामग्री प्रदान गरेर मनाइएको बुबा टंकप्रसाद प्रसाईले बताए।

विद्यालयमै आएर दृष्टिविहीन विद्यार्थीलाई सहयोग गर्दै आफ्नो जन्मोत्सव मनाएको भन्दै विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद पाठकले खुशी व्यक्त गरे। उनले मानवीय सेवा नै ठूलो धर्म भएकाले दृष्टिविहीन विद्यार्थीको शैक्षिक विकासका लागि यस्ता सहयोग उपयोगी हुने धारणा व्यक्त गरे। प्रसाई परिवारले आफ्नो जन्मोत्सवमा वृद्धाश्रम, बालआश्रम तथा विभिन्न सामाजिक सेवाका क्षेत्रमा सहयोग गरेर मनाउने गरेको छ।

# एमाले कमल अध्यक्षमा पोखेल



**कमल, कात्तिक १०।** नेकपा एमालेको सम्पन्न देशभरका सात सय ५३ स्थानीय तहमा प्रथम गाउँ तथा नगर अधिवेशन सम्पन्न गरेको छ।

यसैक्रममा कमल गाउँकमिटीको सम्पन्न अधिवेशनले सम्पूर्ण पदमा सर्वसम्मत नेतृत्व चयन गरेको छ। जस अनुसार कमल गाउँकमिटीको अध्यक्षमा प्रेमबहादुर पोखेल चयन भएका छन्। कमिटीको उपाध्यक्ष पृथ्विपती राई, सचिव हरि ढकाल, उपसचिव विरेन्द्र अधिकारी र चन्द्रकला ढकाल लगायत सबै पद सर्वसम्मत चयन भएको नेकपा एमाले झापाका कार्यालय सचिव शिव ढुंगेलले जानकारी दिए।

ढुंगेलका अनुसार पार्टी अध्यक्ष तथा पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीको गृहनगर दमक नगरपालिकामा नगर कमिटी अध्यक्षमा गेहनाथ पोखरेल सचिवमा इन्द्र गुरुङ सर्वसम्मत चयन भएका छन्।

# उदयपुरका ग्रामीण सडक अझै खुलेनन्

**झापा, कात्तिक १०।** दशैंको समयमा अत्यधिक वर्षा भएपछि भत्किएका जिल्लाका ग्रामीण क्षेत्रका सडक अझै खुलेका छैनन् ।

दशैंअघि नै पहाडी क्षेत्र पुगेका र केही सो क्षेत्रबाट फर्किएका सवारीसाधन अझै बीच बाटोमै थन्किएका छन् । यही कात्तिक २ र ३ गतेको वर्षाका कारण रौतामाई गाउँपालिकाको मुर्कुची, पुवारे, डिल्लीबर र माझखर्क, लिम्चुङबुङ गाउँपालिकाको बलाम्ता, जाँते, ताम्लीछा र बासबोटेका ग्रामीण सडक वर्षाले भत्किएका छन् । ती सडक अझै पनि सञ्चालनमा आउन नसकेको बासबोटे बराहका यातायात व्यवसायी धनवीर मगरले बताए ।

दशैंअघि नै दैनिक उपभोग्य सामान ढुवानी गर्न सवारीसाधन गाउँ-गाउँ पुगेका थिए । सडक नखुलेका कारण सवारीसाधन बाटोमै थन्किएको मगर बताउँछन् । उदयपुरगढी र ताप्ली गाउँपालिकाको भलायाडाँडा, तावाश्री, लेकगाउँ, ओख्ले, नुनथला, पिपलभञ्ज्याङसहितका क्षेत्रमा पनि वर्षाले भत्काएका ग्रामीण सडक नखुलेपछि सवारीसाधन बीच बाटोमै थन्किएका ओख्लेका बाबु ठकुरीले जानकारी दिए ।


## कोठा बिक्रीमा

बिर्तामोड शनिश्चरे रोड टाटा शोरुम सँगै ग्याकसहिको कोठा बिक्रीमा छ ।

**सम्पर्क नं. ९८१५९५५३६२**

## राहदानी हरायो

बिर्तामोडबाट चन्द्रगढी जाने क्रममा यही मिति २०७८।०४।०३ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

**नाम**:- धनबहादुर प्रधान
**ठेगाना**:- अनारमनी-७, झापा
**हाल** : बिर्तामोड-३, झापा
**राहदानी नं.**:- ०८४९५६८५

## कर्मचारी आवश्यकता

बिर्तामोडस्थित एक होटलका लागि निम्न कर्मचारी तु-आवश्यकता ।
**कुक : २ जना**
**वेटर : २ जना (महिला)**
**सम्पर्क: ९८१४०१५१०४, ९८१६०५८४३८, ०२३-५४५४५७**

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

**बिर्तामोड सम्पर्क**
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




**दमक सम्पर्क:**
**देवी सिटौला**
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सु. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| सजमवतिकुमारी राजवंशी | कारोवारी-९ | ४१० | ०-१०-१० | मोटा राजवंशी |
| शैलेन्द्रकुमार सिंह राजवंशी | कारोवारी-६ | ९२२ | ०-१-१० | कामी ताजपुरिया |
| सोवेन हेमरम | जुरोपानी-९ | ७७७ | ०२५२५.०० | धुध धकु/धग धगु/धग धकु मुसहर |
| मदन धिमाल | वुधवारे-७ | ४९७० | ०-०-१९.५ | अशोक धिमाल |
| माला सुवेदी | टाघनडुव्वा-६ | १५४ | १२८५.०० | दिना/ दिवा गणेश |
| अब्दुल सामेद | टाघनडुव्वा-२ | ३५१ | १०१५.८९ | पिठु मर्दी/पिठु मण्डी सतार |
| विष्णुमाया भारती | टाघनडुव्वा-४ | २६ | १३६५.०० | खैतानी गणेश |
| उदयबहादुर भारती | टाघनडुव्वा-६ | ३७४ | २७०९.०४ | सुरेस गोप |
| मन्जु विश्वकर्मा<br>" | दमक-५<br>" | ६३६१<br>८२६० | ०-०-१०<br>०-०-०.५ | कुइ/जुधलाल धिमाल<br>" |
| सूर्यप्रसाद राजवंशी | चारपाने-७ | ६९५ | ०-०-१० | कलुवा राजवंशी |
| नविन घिमिरे समेत | दमक- १ | १२४८५ | ०-२-० | भिमबहादुर लिम्बू |
| लक्ष्मीप्रसाद खनाल | राजघाट- ५ | ६० | १-४-१७ | प्रेमबहादुर श्रेष्ठ |


## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




**सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२**

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस् ।




**सम्पर्क: ०२३-५५२६२०**
**९८४२६५५७००, ९८०४९३८१००**

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
**मो. ९८०३२५०४७२/९८०१३६४०९३**


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

यस कम्पनीको मिति २०७७/०७/१३ मा सम्पन्न विशेष साधारणसभाको निर्णय अनुसार साविक कम्पनी एस.एम.आर.के बिल्डर्स प्रा.लि.को नाममा रहेको सम्पूर्ण चल/अचल सम्पत्ति तथा तिनु-व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिस्टारको कार्यालय त्रिपुरेश्वरको मिति २०७८/०७/०१ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी श्यारोन कन्सल्टेन्ट्स प्रा.लि. कायम गरिएको जानकारी गराइन्छ ।

**साविकको नाम – एस. एम. आर. के. बिल्डर्स प्रा. लि.**
**परिवर्तित नाम – श्यारोन कन्सल्टेन्ट्स प्रा. लि. (नं.२१२८००)**
**साविकको ठेगाना : बिर्तामोड नपा वडा नं. ४, झापा**
**हाल कायम ठेगाना : बिर्तामोड नपा वडा नं. ५, झापा**


## अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ ।

अध्यक्ष: गोपाल घिमिरे (९८४२६८४७५६), बिर्तामोड काउन्टर सीताराम आचार्य (९८४२६२३१५२)

## सेक्युरिटी गार्ड चाहियो

सिभिल तथा EX पुलिस, आर्मी
उमेर : २५-५५ वर्ष (महिला/पुरुष)
**सम्पर्क :**
**सेक्टवान सेक्युरिटी सर्भिस प्रा.लि.**
बिर्तामोड पश्चिम बस स्टेण्ड दक्षिण
**फोन नं. ९८१७९२६३२२, ९८५२६४१७४०,९८२४९८२२९६**


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

यस कम्पनीको मिति २०७७/०७/१३ मा सम्पन्न विशेष साधारणसभाको निर्णय अनुसार साविक कम्पनी नगेन्द्रलक्ष्मी आयल सप्लायर्स प्रा.लि.को नाममा रहेको सम्पूर्ण चल/अचल सम्पत्ति तथा तिनु-व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिस्टारको कार्यालय त्रिपुरेश्वरको मिति २०७८/०७/०१ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी नगेन्द्रलक्ष्मी एण्ड कम्पनी प्रा.लि. कायम गरिएको जानकारी गराइन्छ ।

**साविकको नाम – नगेन्द्रलक्ष्मी आयल सप्लायर्स प्रा. लि.**
**परिवर्तित नाम – नगेन्द्र लक्ष्मी एण्ड कम्पनी प्रा. लि. (नं. २१६६०८)**


## छापाखाना

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि | स्टाम (छाप) | अफसेट प्रिन्ट
स्क्रीन प्रिन्ट | फ्लेक्स प्रिन्ट | होर्डिङ्ग बोर्ड
लेमिनेशन | डिजिटल प्रिन्ट | लगायत छपाई सम्बन्धि सम्पूर्ण काम गरिन्छ
लेमिनेशन भिजिटिङ्ग कार्ड चाहिएको छ, हामिलाइ सम्झनुहोस
७ बार १२ महिना सञ्चालनमा
घिमिरे अफसेट प्रेस बिर्तामोडमा
अतिथिसुदन उत्तरपट्टिको घर
फोन नं. ०२३-५४२१५९,
९८४२६२५३५३/९८१४०३६३४४

## हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई

आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस् ।




**सम्पर्क:**
९८०८७०५२०६/९८६३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५

## हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)


## भगवती बचत तथा ऋण सहकारी संस्था लि.

कनकाई नगरपालिका-३, सुरुङ्गा, झापा

## अन्तिम लेखा परीक्षणका लागि कोटेशन आह्वान सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति: २०७८/०७/११*

यस भगवती बचत तथा ऋण सहकारी संस्था लि.को आ.वं. २०७८/०७९ को अन्तिम लेखा परीक्षण गर्नको लागि लेखा परीक्षक नियुक्त गर्नुपर्ने भएको हुँदा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट लेखा परीक्षण गर्न इजाजत प्राप्त इच्छुक लेखा परीक्षण फर्म/संस्थाले लेखा परीक्षण शुल्कसहित संस्थाको कार्यालय सुरुङ्गामा प्राप्त हुने गरी निवेदन पेस गर्न हुन सूचना आह्वान गरिन्छ ।


**संस्थाको संक्षिप्त जानकारी र लेखा परीक्षणमा आवश्यक पर्ने विवरणहरु :**

- संस्थाद्वारा हाल बैंकिङ व्यवसाय मात्र सञ्चालनमा रहेको छ साथै सेवा केन्द्रहरु संचालनमा रहेका छैनन् ।
- लेखा परीक्षण शुल्क उल्लेख गर्दा लेखा परीक्षण शुल्क, यातायात, खाना, बस्न लगायत लेखा परीक्षण कार्यसँग सम्बन्धित सम्पूर्ण रकम एकमुष्ट कोटेसनमा उल्लेख गर्नुपर्नेछ। स्वीकृत रकम एकमुष्ट बिलका आधारमा संस्थाले भुक्तानी गर्नेछ ।
- संस्थाको २०७८ असार मसान्तको वासलात अंक रकम रु. २५ करोडको रहेको छ ।
- कोटेशन संस्थाको आधिकारीक इमेल ठेगाना: bhagawatisaccos285@gmail.com मार्फत पनि पेस गर्न सकिने छ ।
- कोटेशन पेस गर्ने अन्तिम मिति: २०७८ कात्तिक १७ गते बुधबार
- **थप जानकारीको लागि सम्पर्क : ०२३-५५२२८५**

**भवदीय**
**भगवती साकोस**
**कनकाई न.पा. ३, सुरुङ्गा**


## नेपालीहरुको लागि भरपर्दो सेवा
## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले
Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।




यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**

**पानीटंकीको पहिलो गल्ली दायाँ साइड**
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)



## उपकार
ब्राण्ड
अब हर घरको शान
स्वस्थ्य र स्वादिलो परिकारको लागि सधै उपकार ब्राण्ड नै रोज्नुहोस् ।
नटराज एग्रो प्रा. लि. दमक
शाखा कार्यालय बिर्तामोड, पथरी, इलाम
सम्पर्क: ९८६२२७४४०५, ९८२०७१६१३०, ९८२०७१६११३

## EX. नेपाल आर्मी, पुलिस तथा सिभिल SECURITY GUARD हरुलाई UAE मा रोजगार

**कम्पनी : AL NAJMA AL FAREEDA INTERNATIONAL BUILDING MAINTENANCE LLC, UAE**

पुर्व स्वीकृत मिति: २०७८/०५/३० चलानी नं.: ६०१६३०५७ LT. No.: 245811 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Public Building Cleaner | 200 | 50 | सम्बन्धित काममा दक्ष | 900 | २९,३५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guard | 100 | 0 | | 1200 | ३९,१४४ | | | | | | | |

नोट: Security Guard को तलब AED 1200 भएता पनि OT सहितको AED 2022 हुनेछ । उचाई ५ फिट ६ ईन्च भन्दा माथि, उमेर २० बर्ष पुरा भई ३८ बर्ष ननाघेको आर्मी तथा पुलिसलाई विषेश प्राथमिकता दिइने छ । योग्यता SLC पास भई अंग्रेजी भाषा राम्रोसँग बोल्न, लेख्न र पढ्न सक्न हुनुपर्ने छ । अन्तर्वार्ता मेनपावर कार्यालय बिर्तामोडमा २०७८ कात्तिक १७ गते (3 November 2021) मा हुनेछ ।

**Empower Human Resources Management Pvt. Ltd** Gov. Lic No. 1150/073/074
Sinamangal -9, Near by Panchakumari Temple, Kathmandu, Nepal, Tel.: 01-4588265
**मो. ९८१६९७८१३०, ९८१६०२९१९८**


## श्री सुनाखरी सामुदायिक वन उपभोक्ता समूह

माई नपा-४, इलाम

## काठ लिलाम बिक्री सम्बन्धी सूचना

*तेस्रो पटक प्रकाशित मिति : २०७८/०७/११*

श्री सुनाखरी सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादित गोलीया घाटगद्दीमा विभिन्न लट र पायलमा विभाजित निम्न परिमाणको काठ लिलाम बिक्री गर्नुपर्ने भएकोले डिभिजन वन कार्यालय इलामको मिति २०७७/०५/०२ को चन नं. २३५ लिलाम बिक्री सहमति अनुसार लिलाम बिक्री गर्नुपर्ने भएकोले काठ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा उठाई लैजान लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघ-संस्था, फर्म वा कम्पनीले सूचना प्रकाशित भएको मितिले २१ दिनको सूचनामा शिलबन्दी बोलपत्र दालिख गर्न यो सूचना प्रकाशित गरिएको छ । पूर्ण व्यहोराको सूचना लिन यस सा.व.उ. समूहको कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।

| लट नं. | जात | स्तर (ग्रेड) ए थान | ए परिमाण (क्यू.फि.) | ए न्यूनतम मोल | बी थान | बी परिमाण (क्यू.फि.) | बी न्यूनतम मोल | सी थान | सी परिमाण (क्यू.फि.) | सी न्यूनतम मोल | जम्मा थान | जम्मा परिमाण (क्यू.फि.) | प्रयोजन | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | साल गोलिया | ११ | १२६.०७ | प्रचलित राजश्व र स्थानीय बजार मूल्यलाई आधार मानी | ४ | ३४.८९ | प्रचलित राजश्व र स्थानीय बजार मूल्यलाई आधार मानी | २५ | १५२.०६ | प्रचलित राजश्व र स्थानीय बजार मूल्यलाई आधार मानी | ४० | ३१३.०२ | समूह बाहिर | |

**श्री सुनाखरी सा. व. उ. समूह,** माई नपा-४, इलाम



**ज्यो. मधुसूदन रिजाल**
**(स्वर्णपदक विजेता)**
**वैदिक ज्योतिष परामर्श केन्द्र**
**शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)**

**मेष ([redacted] लि, लु, ले, लो, अ) -**
शुभचि[redacted]काव नमान्दा दुःख पाइनेछ ।
बन्धुब[redacted]ीयतामा कमी आउन सक्छ ।
**बृष ([redacted]ा, बि, बु, बे, बो) -**
अवसर[redacted] फाइदा उठाउन चुनौतीसँग
जुध्नुप[redacted]व्यवहारले शंका उब्जाए पनि
मान्यज[redacted] फाइदा हुनेछ ।
**मिथुन[redacted] घ, ङ, छ, के, को, ह) -**
दिउँसो[redacted] सुधार आउनेछ भने बुद्धिको
उपयो[redacted]ानेछ । योजना पूर्ण नभए पनि
आंशिक[redacted] हुनेछ ।

**कर्कट[redacted]हो, डा, डि, डु, डे, डो) -**
सम्भा[redacted]पनि उपलब्धि हातपार्न धेरै श्रम
गर्नुपल[redacted]आफ्नो श्रम परे पनि प्रतिफलमाथि
अरूले [redacted] ।
**सिंह ([redacted]मे, मो, टा, टि, टु, टे) -**
पहिले [redacted]ले अप्ठ्यारो पार्न सक्छ । आफन्तहरू
टाढिन[redacted]साथीभाइसँग सन्तुलित व्यवहार
गर्नुहो[redacted]
**कन्या[redacted]पु, ष, ण, ठ, पे, पो) -**
अरूका[redacted] तथा बुद्धि खर्चनुपर्ला । भूमि तथा
पशुधन[redacted] लाभ मिल्नेछ। अरूको मुख ताक्ने
बानीले पछि परिनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
अवसर प्राप्त भए पनि ठूलाको वचन हार्न नसक्दा दुःख पाइनेछ । बोलीको प्रभावले वादविवाद निम्त्याउने देखिएकाले सजग रहनुपर्ला ।
**बृश्चिक (तो, ना, [redacted] नो, या, यि, यु) -**
दिउँसोदेखि आम्दानी[redacted] बढ्नुका साथै दिगो काममा
सम्झौता गर्ने समय[redacted]भन्दा बुद्धिले लक्ष्यमा पुर्याउन
सक्छ ।
**धनु (ये, यो, भ, भि[redacted]फा, ढ, भे) -**
परिस्थितिवश आफ[redacted]मा अरूले प्रभाव जमाउन
सक्छन् । केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला ।

**मकर (भो, ज, [redacted]**
आगन्तुकहरूले अल[redacted]नेछ ।
खानपानको असाव[redacted]छ ।
**कुम्भ (गु, गे, गो[redacted]**
प्रयत्न गर्दा विभि[redacted]कीमा
परिवर्तन आउनेछ[redacted]छ ।
**मीन (दि, दु, थ, [redacted]**
पछिसम्म लाभ हु[redacted]ाजको
उपलब्धिले थप उ[redacted]ानित
स्थान पनि दिला[redacted]